# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०३।२४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

सवडिभिजन वन कार्यालय, बेला, दाङमा कार्यरत सहायक वन अधिकृत रामाज्ञा प्रसाद साहले देउराली सामुदायिक वन उपभोक्ता समूहको विधान र कार्ययोजना दर्ता स्वीकृत/सिफारिस गरिदिएबापत रू.२०,०००।—(बीस हजार) घुस रिसवत लिएको भन्ने सम्बन्धमा निज सहायक वन अधिकृत रामाज्ञा प्रसाद साहलाई नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज सवडिभिजन वन कार्यालय, बेला दाङ्गमा कार्यरत सहायक वन अधिकृत रामाज्ञा प्रसाद साहले सामुदायीक वन उपभोक्ता समूहको विधान र कार्ययोजना दर्ता स्वीकृत/सिफारिस गरिदिएबापत सेवाग्राहीसँग रू.२०,०००।—(बीस हजार) घुस/रिसवत लिएको पुष्टि हुन आएकोले निज सहायक वन अधिकृत रामाज्ञा प्रसाद साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसूर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निजलाई विगो रू.२०,०००।—(बीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता